संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०६/२९

यस सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका केही संस्थापक शेयरधनीहरुले आफ्नो नाममा दर्ता श्रेस्ता कायम रहेको जम्मा २७,९३,३६१ (सत्ताइस लाख त्रियानब्बे हजार तीन सय एकसठ्ठी) कित्ता संस्थापक शेयर बिक्री गर्नका लागि कम्पनी समक्ष निवेदन दिनु भएकोले यस कम्पनीको मिति २०८३/०६/२८ मा सम्पन्न सञ्चालक समितिको १३४औं बैठकको निर्णयानुसार प्रचलित कानुन तथा नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका, २०७७ मा भएको व्यवस्थाको अधीनमा रही बिक्री गर्न लागेको हुंदा उक्त शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित संस्थापक शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र नेपाल बीमा प्राधिकरणले तोके बमोजिमको उपयुक्तताको जांच (Fit & Proper Test) को मापदण्ड पूरा हुने आवश्यक कागजातहरु सहित यस कम्पनीको रजिष्टर्ड कार्यालय, थापाथली काठमाडौंमा कार्यालय समयभित्र उल्लेखित शेयर खरिदका लागि दर रेट समेत उल्लेख गरी रितपूर्वक आवेदन पेश गर्नु हुन आह्वान गरिन्छ । निर्धारित समय भित्र विद्यमान संस्थापक शेयरधनीहरुबाट शेयर खरिदका लागि आवेदन प्राप्त नभएमा प्रचलित कानुन बमोजिम उक्त शेयरहरु संस्थापक शेयरधनी बाहेकका अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने प्रक्रिया अगाडि बढाइने बेहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा सो का लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय थापाथलीमा सम्पर्क गर्नु हुन समेत सूचित गरिन्छ ।

Citizen Life™
समृद्धि तपाईंको, साथ हाम्रो
Insurance

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
एल.एस. कम्प्लेक्स, थापाथली, काठमाण्डौ ।
फोन: ०१-५९७००२१७
Email: info@citizenlifenepal.com
URL: www.citizenlifenepal.com